पर्यटन, वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय

# डिभिजन वन कार्यालय

कोशी प्रदेश, तेह्रथुम

पत्र संख्याः- यो.२०८०/८१
चलानी नं.:-

☎ ०२६-४६०४०८
फ्याक्स ०२६-४६०१३१

त्रिभुवन साह
प्र. डिभिजनल वन अधिकृत

**मितिः २०८०/१२/१६**

## डिभिजन वन कार्यालय, तेह्रथुमको प्रस्ताव पेश गर्ने सूचना

यस डिभिजन वन कार्यालय, तेह्रथुमको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रमको प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम र प्रदेश हरित अभियान कार्यक्रम अन्तर्गतका तपसिलम उल्लेखित क्रियाकलापहरु कार्यान्वयन गर्नको लागि तपसिल बमोजिमको बजेटको ब्यवस्था भएको हुँद वन पैदावरमा आधारित उद्यम स्थापना र संचालनको लागि ईच्छुक नियमानुसार दर्ता भएका सामुदायिक वन उपभोक्ता समूहहरुले सामुदायिक वनका उपभोक्ता सदस्यहरु तथा सामुदायिक वनमा संचालन गन चाहेको उद्यमको नाम र क्रियाकलाप, उदेश्यहरु, स्थान, कार्यक्रम संचालन प्रकृया, कार्य सम्पन्न गन सकिने समय सीमा, समूहको लगानी तथा हिस्सा, प्रस्तावित लागत अनुमान तथा डिजाईन, कार्यक्रम संचालनबाट हुन सक्ने अपेक्षित प्रतिफल, कार्यक्रमको दिगोपन, रोजगारी श्रृजना आदि विषय समावेश गरी सिको प्रस्ताव (Proposal) तयार गरी तपसिलमा उल्लेखित कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र तोकिएको ढाँचामा प्रस्ताव सहित निवेदन पेश गर्न हुन अनुरो छ । म्याद भित्र पेश हुन आएका प्रस्तावहरुलाई मात्र तोकिएको मूल्याङ्कन समितिबाट प्रस्ताव मूल्याङ्कनका आधारमा सबैभन्दा बढी अंक प्राप्त गर्ने सारभुत रुपमा प्रभावग्राही प्रस्तावदाताहरुसँग मा कार्यक्रम संचालन सम्झौता गरिने व्यहोरा सबैमा अनुरोध गरिन्छ ।

**तपसिल**

| सि.नं. | कार्यक्रमको नाम | क्रियाकलाप/संचालन हुने कार्यक्रमको नाम | परिमाण | बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रदेश वन विकास तथा व्यवस्थापन कार्यक्रम | सामुदायिक वनमा उद्यमशिलता अभिबृद्धि | ३ वटा | ५,००,०००।- | यस क्रियाकलाप अन्तर्गत वन उद्यम स्थापनाको लागि आवस्यक पर्ने तालिम तथा सिप विकास सम्बन्धी प्रस्ताव पेश गर्नु पर्ने |

**पेश गर्नु पर्ने कागजातहरु**

१. प्रस्ताव
२. समूहको पत्र
३. समूहको निर्णय
४. स्थानीय तहको सिफारिस पत्र
५. सम्बन्धित सव-डिभिजन वन कार्यालयको सिफारिस पत्र
६. आ.व. २०७९/०८० को लेखा परिक्षण प्रतिवेदन र वार्षिक प्रतिवेदन
७. कूल परियोजना प्रस्तावको कम्तिमा १०% लागत सम्वन्धित सा.व.उ.स. ले ब्यहोर्ने प्रतिवद्धता सहितको लागत अनुमान

**द्रष्टब्यः** विस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. ०२६-४६०४०८ तथा सूचना अधिकारीको मोबाईल नं. ९८५२०१०००८ मा सम्पर्क राख्न हु वा तल दिईएको यस कार्यालयको QR Code स्क्यान गरि थप जानकारी लिन सकिने छ। साथै कागजात पेश गर्दा खामम कार्यक्रम/कृयाकलापको नाम तथा सूचनाको सि.नं. स्पष्टसँग उल्लेख गर्नुहन ।

**प्रस्ताव पेश गर्ने समय सीमाः**
२०८१ बैशाख ६ गते कार्यालय समय भित्र

वेभसाइट

फेसबुक



CamScanner

पर्यटन, वन तथा वातावरण मन्त्रालय

वन निर्देशनालय

# डिभिजन वन कार्यालय

कोशी प्रदेश, तेह्रथुम

पत्र संख्या:- यो.२०८०/८१

चलानी नं.:-

☎ ०२६-४६०४०८

फ्याक्स ०२६-४६०१३१


त्रिभुवन साह
डिभिजनल वन अधिकृत

मितिः २०८०/१२/२६

## डिभिजन वन कार्यालय, तेह्रथुमको प्रस्ताव पेश गर्ने सूचना

यस डिभिजन वन कार्यालय, तेह्रथुमको चालु आ.व. २०८०/०८१ को स्वीकृत वार्षिक कार्यक्रमको प्रदेश हरित अभियान कार्यक्रम अन्तर्गतका तपसिलमा उल्लेखित क्रियाकलाप कार्यान्वयन गर्नको लागि तपसिल बमोजिमको बजेटको ब्यवस्था भएको हुँदा यस तेह्रथुम जिल्लामा रहेका ईच्छुक निजि जग्गा धनीसंघसंस्था /कम्पनी / निजि फर्म /हरुले आफ्नो नाममा दर्ता श्रेष्ता कायम रहेको जग्गामा कृषिं वनको विकास गर्नको गरिने क्रियाकलाप, उदेश्यहरु, स्थान, कार्यक्रम संचालन प्रकृया, कार्य सम्पन्न गर्न सकिने समय सीमा, प्रस्तावकको लगानी तथा हिस्सा, प्रस्तावित लागत अनुमान तथा डिजाईन, कार्यक्रम संचालनबाट हुन सक्ने अपेक्षित प्रतिफल, कार्यक्रमको दिगोपन, रोजगारी श्रृजना आदि विषय समावेश गरी सोको प्रस्ताव (Proposal) तयार गरी तपसिलमा उल्लेखित कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र तोकिएको ढाँचामा प्रस्ताव सहित निवेदन पेश गर्न हुन अनुरोध छ । म्याद भित्र पेश हुन आएका प्रस्तावहरुलाई मात्र तोकिएको मूल्याङ्कन समितिबाट प्रस्ताव मूल्याङ्कनका आधारमा सबैभन्दा बढी अंक प्राप्त गर्ने सारभुत रुपमा प्रभावग्राही प्रस्तावदाताहरुसँग मात्र कार्यक्रम संचालन सम्झौता गरिने व्यहोरा सबैमा अनुरोध गरिन्छ ।

### तपसिल

| सि.नं. | कार्यक्रमको नाम | क्रियाकलाप/संचालन हुने कार्यक्रमको नाम | परिमाण | बजेट | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रदेश हरित अभियान कार्यक्रम | कृषि वन प्रणाली प्रवर्द्धन कार्यक्रम | १० वटा | १०,००,०००।- | यस क्रियाकलाप अन्तर्गत सम्बन्धित प्रस्तावकहरुले निजि कृषि वन विकास सम्बन्धी प्रस्ताव पेश गर्नु पर्ने |

### पेश गर्नु पर्ने कागजातहरु

१. कूल लागत अनुमानको कम्तिमा २०% लागत सम्बन्धित निजि जग्गाधनि/निजि फर्म/कम्पनी/संघसंस्थाले व्यहोर्ने प्रतिबद्दता सहितको निवेदन
२. नागरिकताको प्रमाणपत्र र जग्गा धनि प्रमाण पूर्जाको प्रतिलिपि
३. न्यूनतम २० रोपनी जग्गा उपलब्ध हुनु पर्ने
४. आ.व. २०८०/०८१ को तिरो तिरेको रसिद
५. ब्लु प्रिन्ट नक्शा
६. मालपोत कार्यालयको जग्गा रोक्का नभएको सिफारिस पत्र
७. निजी फर्म/कम्पनी/संघसंस्थाको हकमा सोको दर्ता प्रमाणपत्र , स्थायी लेखा नं. र आ.व. २०७९/०८० को कर चुक्ता प्रमाण पत्र
८. स्थानीय तहको सिफारिस पत्र
९. सम्बन्धित सव-डिभिजन वन कार्यालयको सिफारिस पत्र

**द्रष्टब्यः** विस्तृत जानकारीको लागि यस कार्यालयको फोन नं. ०२६-४६०४०८ तथा सूचना अधिकारीको मोबाईल नं. ९८५२०१०००८ मा सम्पर्क राख्न हुन वा तल दिईएको यस कार्यालयको QR Code स्क्यान गरि थप जानकारी लिन सकिने छ। साथै कागजात पेश गर्दा खाममा कार्यक्रम/कृयाकलापको नाम तथा सूचनाकी सि.नं. स्पष्टसँग उल्लेख गर्ने।

**प्रस्ताव पेश गर्ने समय सीमाः**
२०८१ बैशाख ६ गते कार्यालय समय भित्र

वेभसाइट

फेसबुक




CamScanner